कृषि तथा वन विज्ञान विश्वविद्यालय

# सेवा आयोगको कार्यालय

चितवन, नेपाल

## प्राध्यापक पदको आन्तरिक र खुला प्रतियोगिताको दरखास्त आब्हान सम्बन्धी सूचना

**प्रकाशन मितिः २०८१/०५/०७**

यस विश्वविद्यालय अन्तर्गत विभिन्न संकायहरुमा रिक्त रहेका देहायका पदहरू आन्तरिक र खुला प्रतियोगिताबाट स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले आन्तरिकतर्फ विश्वविद्यालयमा स्थायी सेवामा कार्यरत सहप्राध्यापकहरू मध्ये आवश्यक योग्यता र सेवा शर्त पूरा गरेका तथा खुलातर्फ तोकिएको मापदण्ड पूरा गरेका योग्य नेपाली नागरिकहरूबाट दरखास्त आब्हान गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**पदः प्राध्यापक (आन्तरिक)**

| क्र.सं. | विज्ञापन नं. | विषय | संकाय | पद संख्या |
|---|---|---|---|---|
| १. | ०१/०८१/०८२ | सोसियल मोबिलाइजेसन | कृषि | १ |
| २. | ०२/०८१/०८२ | कृषि अर्थशास्त्र | कृषि | २ |
| ३. | ०३/०८१/०८२ | किट विज्ञान | कृषि | २ |
| ४. | ०४/०८१/०८२ | बाली विज्ञान | कृषि | १ |
| ५. | ०५/०८१/०८२ | भेटेरीनरी सर्जरी | पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान | १ |
| ६. | ०६/०८१/०८२ | पशु उत्पादन तथा व्यवस्थापन | पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान | १ |
| ७. | ०७/०८१/०८२ | भेटेरीनरी मेडिसिन | पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान | १ |
| ८. | ०८/०८१/०८२ | पशु विज्ञान | पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान | १ |
| ९. | ०९/०८१/०८२ | भेटेरीनरी माइक्रोबायोलोजी | पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान | १ |
| १० | १०/०८१/०८२ | पशु प्रजनन् | पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान | १ |

कृषि तथा वन विज्ञान विश्वविद्यालय

# सेवा आयोगको कार्यालय

चितवन, नेपाल

**पदः प्राध्यापक (खुला)**

| क्र.सं. | विज्ञापन नं. | विषय | संकाय | पद संख्या |
|---|---|---|---|---|
| १. | ११/०८१/०८२ | अध्ययन विकास (Development Studies) | कृषि | १ |
| २. | १२/०८१/०८२ | बालीरोग विज्ञान | कृषि | १ |
| ३. | १३/०८१/०८२ | भेटेरिनरी सर्जरी | पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान | १ |
| ४. | १४/०८१/०८२ | एक्वाकल्चर | पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान | १ |
| ५. | १५/०८१/०८२ | स्वायल एण्ड वाटरसेड म्यानेजमेन्ट | बन संकाय | १ |
| ६. | १६/०८१/०८२ | इकोलोजी एण्ड इन्भाइरोमेन्टल साइन्स | बन संकाय | १ |

**परीक्षाको किसिम :** आन्तरिक (अन्तर्वार्ता)
: खुला (दक्षता परीक्षण र अन्तर्वार्ता)

**दरखास्त पेश गर्नुपर्ने कार्यालय :** सेवा आयोगको कार्यालय रामपुर, चितवन ।

- **<u>संलग्न गर्नुपर्ने कागजातहरूः</u>**
- आवेदित पदका लागि तोकिएको आवेदन फाराम र परीक्षा तथा आवेदन दस्तुर बुझाएको बैंक भौंचर ।
- सबै शैक्षिक योग्यता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपिहरू, नागरिकताको प्रमाण पत्र तथा नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सोको समकक्षता निर्धारण गरेको प्रमाणपत्र ।
- आफू कार्यरत कार्यालय/संस्था प्रमुखबाट प्रमाणित अनुभव सम्बन्धी विवरण ।
- स्थायी, अस्थायी वा करार पदमा काम गरेको नियुक्ती पत्रहरुको प्रतिलिपि ।

**दरखास्त दिने अन्तिम मिति :** २०८१/०६/१० गतेसम्म (३५ दिन) र दोब्बर दस्तुर तिरेर २०८१/०६/१७ गतेसम्म (७ दिन)

**उम्मेदवारको उमेर हदः** मिति २०८१/०६/१० सम्म २१ बर्ष पूरा भई ५० बर्ष ननाघेको (**खुलातर्फ**)

*(कृषि तथा वन विज्ञान विश्वविद्यालयमा कार्यरत स्थायी शिक्षकको हकमा उमेरको हद लागु हुने छैन)*

**अन्तर्वार्ता र लिखित परीक्षाको मितिः** आवदेन दिने म्याद समाप्त भएपछि प्रकाशन गरिनेछ ।

**आवेदन तथा परीक्षा दस्तुरः** आवेदन रू.५००।- र परीक्षाः रू.३०००।-

## आवश्यक न्यूनत्तम योग्यताः

**प्राध्यापक (आन्तरिक)**
कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक नियुक्ति एवम् बढुवाका आधार, कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता अंक विभाजन एवम् सिफारिस सम्बन्धी कार्यविधि, २०७५ को दफा ३.१ (क) बमोजिम योग्य भई देहायको योग्यता र अनुभव हासिल गरेको हुनुपर्नेछ ।

मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर र पीएचडी पूरा गरी सहप्राध्यापक पदमा कम्तीमा ५ वर्ष काम गरेको अनुभव प्राप्त तथा सम्बन्धित विषयको Peer Reviewed Referred Journal मा प्रथम लेखक भई कम्तीमा ४ (चार) वटा अनुसन्धनात्मक लेख प्रकाशित गरेको ।

**अथवा**

सम्बन्धित विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर र पीएचडी प्राप्त तथा क्याम्पस/महाविद्यालयमा कम्तीमा १० वर्ष पढाएको अनुभव प्राप्त एवम् हाल सहप्राध्यापक पदमा कार्यरत ।

**अथवा**

सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर र पीएचडी प्राप्त तथा क्याम्पस/महाविद्यालयमा कम्तीमा १२ वर्ष पढाएको अनुभव प्राप्त एवम् हाल सहप्राध्यापक पदमा कार्यरत ।

**अथवा**

सम्बन्धित विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर प्राप्त तथा क्याम्पस/महाविद्यालयमा कम्तीमा १३ वर्ष पढाएको अनुभव प्राप्त एवम् हाल सहप्राध्यापक पदमा कार्यरत ।

**अथवा**

सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर प्राप्त तथा क्याम्पस/महाविद्यालयमा कम्तीमा १५ वर्ष पढाएको अनुभव प्राप्त एवम् हाल सहप्राध्यापक पदमा कार्यरत ।

**र**

सोसियल मोविलाइजेसन विषयको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा द्वितीय श्रेणीमा एमबीए र विद्यावारिधी (PHD in Management) वा सो सरह डिग्री प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तीमा १५ बर्ष काम गरेको अनुभव प्राप्त ।

**प्राध्यापक (खुला):**

मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर र पीएचडी प्राप्त तथा सम्बन्धित विषयको Peer Reviewed Referred Journal मा प्रथम लेखक भई कम्तीमा १५ (पन्ध्र) वटा अनुसन्धनात्मक लेख प्रकाशित भएको हुनुपर्ने, जस मध्ये कम्तीमा ५ (पाँच) वटा अनुसन्धनात्मक लेख अन्तर्राष्ट्रिय स्तरको जर्नलमा प्रकाशित गर्नुको साथै विश्वविद्यालयको आंगिक कलेज/क्याम्पस/महा-विद्यालयमा १० वर्ष पढाएको वा राष्ट्रिय/अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्रहरूमा वरिष्ठ वैज्ञानिक वा सरकारी सेवामा अधिकृत प्रथम श्रेणी वा सो सरह र सोभन्दा मथिल्लो पदमा रही कम्तीमा १३ वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव प्राप्त ।

**द्रष्टव्य:**

१. कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक नियुक्ति एवम् बढुवाका आधार, कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता अंक विभाजन एवम् सिफारिस सम्बन्धी कार्यविधि, २०७५ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

२. दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित योग्यता हासिल गरि सकेको हुनुपर्नेछ । अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा सम्बन्धित पदको लागि तोकिएको न्यूनतम सेवा अवधि पूरा भएको हुनपर्नेछ ।

३. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

४. आन्तरिक प्रतियोगितातर्फका पदहरूमा शैक्षिक योग्यता, अनुसन्धान तथा कृति प्रकाशन, शिक्षण अनुभव/कार्य अनुभव, आन्तरिक मूल्याङ्कन र अन्तर्वार्ता समेतको आधारमा नियुक्तीको लागि सिफारिस गरिनेछ । खुलातर्फ शैक्षिक योग्यता, अनुसन्धान तथा कृति प्रकाशन, शिक्षण अनुभव/कार्य अनुभव, दक्षता परिक्षण र अन्तर्वार्ता समेतको आधारमा मूल्याङ्कन गरिनेछ ।

५. विज्ञापन प्रकाशन हुनभन्दा अगाडि प्रकाशित भएका अनुसन्धान तथा कृति एवम् शोध निर्देशनको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

६. आन्तरिक प्रतियोगितामा सहभागी हुने प्राध्यापक पदका उम्मेदवारहरुले सहप्राध्यापक पदमा नियुक्ती लिए पछि प्रकाशित कृतिहरू मात्र मूल्याङ्कनका लागी पेश गर्नु पर्ने छ ।

७. आन्तरिक तर्फका उम्मेदवारहरुले अनुसन्धान तथा कृति प्रकाशन एवम् शोध निर्देशन अलग्गै फाइल खडा गरेर सेवा आयोगले तोकिएको ढाँचामा दुई प्रति छुट्टै फाइलमा बुझाउनुपर्नेछ ।

८. ईच्छुक उम्मेदवारहरूले सूचनामा तोकिए बमोजिमको परीक्षा दस्तुर **सेवा आयोगको कार्यालय**, नेपाल बैंक लिमिटेड रामपुर शाखाको खाता नं.**०८५००१०७५४८६६५००००१** मा जम्मा गरेको सक्कल भौंचर दरखास्त फारामसँगै बुझाउनु पर्नेछ ।

९.थप जानकारी आवश्यक परेमा सेवा आयोगको कार्यालय रामपुर, चितवनमा सम्पर्क गर्न सकिनेछ ।

अध्यक्ष